## धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय
## धरान, सुनसरी, १ नं. प्रदेश नेपाल
## ३१ औं नगर कार्यपालिका वैठक

आज मिति २०७६ जेष्ठ २० गते दिउसो २ बजे धरान उपमहानगरपालिकाको ३१ औं नगर कार्यपालिकाको वैठक कार्यवहाक नगर प्रमुख श्री मञ्जु भण्डारी सुवेदीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थितीः

| क | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री मञ्जु भण्डारी (सुवेदी ) | का. वा. नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ३. | श्री माधव गोविन्द श्रेष्ठ | वडा अध्यक्ष | धरान-२ | |
| ४. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ५. | श्री मान बहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ६. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ८. | श्री जिवनराज सुवेदी | का. वा. वडा अध्यक्ष | धरान-७ | |
| ९. | श्री ~~रुद्रबहादुर लिम्बु~~ का॰ [illegible] | का.वा. वडा अध्यक्ष | धरान-८ | |
| १०. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| ११. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १२. | श्री बाबुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १३. | श्री टंक बहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १६. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १८. | श्री सूर्य बहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| १९. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २०. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २२. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २३. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २४. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २६. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २७. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २८. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २९. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |

| क.सं | नाम | पद | दस्तखत |
|---|---|---|---|
| ३०. | श्री विनोद कुमार पोखरेल | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| ३१. | श्री गणेशप्रसाद खतिवडा | क. प्रशासकीय अधिकृत | |

# धरान उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

**३१ औं नगर कार्यपालिका वैठक**

<u>वैठकका छलफल र निर्णय भएका विषयहरुः-</u>

१. **डेंगु रोग नियन्त्रण सम्बन्धमा :-**

केही दिन अधिदेखी धरानमा फैलिएको डेंगु रोग नियन्त्रणका लागी लामखुट्टेको लार्भाहरु नस्ट गर्न जनचेतना अभिवृद्धि गर्न जरुरी देखिएकाले २०७६/०२/२२ गते विहान ८ बजे आ-आफ्नो वडाबाट **"डेंगु नियन्त्रण" लेखिएको व्यानर** सहित वडाका नागरिकहरु सहित नगर कार्यपालिकाको कार्यालयमा उपस्थित हुने र प्रहरी प्रशासन सहितको टोली बनाएर लार्भा नस्ट गर्न परिचालन हुने निर्णय गरियो ।उक्त कार्यक्रममा जिल्ला प्रशासन कार्यालय, सुरक्षा निकायहरु र संघ संस्थाहरुलाई समेत आमन्त्रण गर्ने निर्णय गरियो ।

२. **राजश्वका दररेट परिमार्जन तथा सिफारिस सम्बन्धमा :-**

धरान उपमहानगरपालिकाले आ.व. २०७६/०७७ मा राजश्व संकलनका लागि राजश्व सम्बन्धी नीति, राजश्वका दर तथा सम्पत्ति कर प्रयोजनका लागि जग्गाको मूल्याङ्कन दर सम्बन्धमा वडा तहमा आवस्यक छलफल तथा परामर्श गरी ७ दिन भित्रमा नगर कार्यपालिकामा सुझाव उपलब्ध गराउने निर्णय गरियो ।

३. **रेडियो प्रशारण केन्द्र धरानको जग्गा माग गर्ने सम्बन्धमा :-**

धरान उपमहानगरपालिका वडा नं ८ स्थित रेडियो प्रसारण केन्द्रको १०-०-० (१० विगाह) जग्गा धरानको समग्र विकासका लागि धरान उपमहानगरपालिकालाई उपलब्ध गराईदिनुहुन प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र सम्बन्धीत मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

४. **राजश्व संकलन कार्य ठेक्का दिने सम्बन्धमा :-**

धरान उपमहानगरपालिकाले आर्थिक वर्ष २०७६/७७ मा संकलन गर्ने राजश्वहरु मध्ये तपशिलका राजश्व नीजि क्षेत्र मार्फत (ठेक्का मार्फत) तपशिलको न्यूनतम दररेट कायमगरी संकलन गर्न प्रस्ताव आह्वानगरी सूचना प्रकासन गर्ने निर्णय गरियो ।

(क) विज्ञापन कर — न्यूनतम कवोल अंक रु. ३९,००,०००/-

(ख) जिवजन्तु, जडीवुटी र कवाडी कर रु. २,००,०००/- र रु ३३,००,०००/-

जम्मा रु. ३५,००,०००/-

(ग) हाटवजार कर रु. १००००००/-( निशेधित क्षेत्रमा उठाउन नपाउनेगरी)

(घ) क्यान्टिन भवनः न्यूनतम् मासिक भाडा कोठा नं. १ : रु. १०००० र कोठा नं. २ रु. २२००० (वार्षिक १० प्रतिशतको वृद्धि हुने गरी ठेक्का अवधि ३ वर्षको लागि ।)

५. दररेट स्वीकृत गर्ने सम्बन्धमा :-

यस धरान उपमहानगरपालिकाबाट विगतमा निर्णय भएका जनशक्ती, सामग्री उपकरणहरुको दररेटहरुमा नपरेका थप दररेटहरु आवश्यक परेको हुँदा तपसिलका दररेटहरु स्वीकृत गर्ने निर्णय गरियो ।

| S.N. | Description | unit | Rate | Remarks |
|---|---|---|---|---|
| 1 | R.C.C. pre cast Drain with cover (Size 12"x12"x20") | Per set | 700.00 | Without Vat Rate |
| 2 | Solar panel (200 watt) | Per piece | 14000.00 | |
| 3 | Charge controller (20 AMP.) | Per piece | 2400.00 | |
| 4 | Dismantling old solar panel & fittings work | Per piece | 3500.00 | |
| 5 | 75 mm. pre-fab Eco panel transportation & all fittings work | Per Sqf. | 336.28 | |
| 6 | 50 mm. pre-fab Eco panel transportation & all fittings work | Per Sqf. | 247.79 | |
| 7 | 3mm. UPVC roof with all fittings | Per Sqf. | 256.64 | |
| 8 | 50 mm. pre-Sand width transportation & all fittings work | Per Sqf. | 283.19 | |
| 9 | 60 mm. pre-Sand width transportation & all fittings work | Per Sqf. | 327.43 | |
| 10 | Rubber Seal 6" | Per R.M. | 275.00 | |
| 11 | Rubber Seal 9" | Per R.M. | 375.00 | |
| 12 | 6" Corner Butta flower print | Per R.F. | 95.00 | |
| 13 | 5" Corner Butta flower print | Per R.F. | 85.00 | |
| 14 | 4" Corner Butta flower print | Per R.F. | 75.00 | |
| 15 | 18" Corner fan Butta | Per Piece | 850.00 | |
| 16 | 20" Corner fan Butta | Per Piece | 1100.00 | |
| 17 | 22" Corner fan Butta | Per Piece | 1450.00 | |

६. उद्योग प्रवर्द्धन कार्यविधी २०७५ सम्बन्धमा :-

धरान उपमहानगरपालिकाबाट गठित उद्योग प्रवर्द्धन समितिको सञ्चालन कार्यविधी आजको बैठकमा पेश भई छलफल गरि स्वीकृत गरियो । स्वीकृत कार्यविधी पछाडी टाँस गरी प्रमाणित गरिएको छ ।

७. *धरान-६ स्थित पाँचकन्या मार्गको ठेक्का लागि बाँकी रहेको रकम सम्बन्धमा :-*

यस धरान उपमहानगरपालिका वडा नं. ६ स्थित पाँचकन्या मार्गको सडक तथा ढल निर्माण गर्ने कार्यमा १ नं. प्रदेश सरकार, मोरङ्ग, विराटनगरबाट रु. १,३०,००,०००/-(रु. एक करोड तिस लाख मात्र) सशर्त अनुदान रकम प्राप्त भई मिति २०७५/१०/२८ को नगरपालिकाको निर्णयानूसार बोलपत्र माध्यमबाट कार्य गराउने विधी वमोजिम रु. ९१३००८६।२९ मात्र स्वीकृत भई सम्झौता भई कार्य भैरहेकोमा बाँकि रकमको बोलपत्र आव्हान गर्दा समयले नभ्याउने हुँदा ६ नं. वडा कार्यालयको माग अनुसार उपभोक्ता समिति गठन गरी सोहि बाटोको बाँकी खण्डमा पर्ने खोला तटवन्धन गरी वाटोको संरचना बनाउन २० प्रतिशत जन सहभागिता जुटाई उपभोक्ता समिति मार्फत निर्माण कार्य गर्ने गरी मिति २०७६/१/२७ मा उपभोक्ता समितिसँग सम्झौता गरी कार्य अगाडी बढाएकोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

८. वडाहरुबाट विभिन्न संघ संस्थालाई उपलब्ध गराएको सहयोगको भुक्तानी सम्बन्धमा :-

विभिन्न वडाहरुमा निर्माण हुने सामुदायिक तथा संघ संस्थाका भवनहरु निर्माणकालागि सहयोग माग भै वडाबाट सहयोग उपलब्ध भएकोमा त्यस्ता संघ संस्थाहरुले धेरै तिरको सहयोगमा काम गर्ने भएकाले वडाको सहयोगमा भएको कामको मात्र मुल्याङ्कन गर्न कठिनाई हुने हुदाँ रु. १ लाख सम्मको जिन्सी मालसामान वापत प्रचलित नगद दररेटको परिधि भित्र रही सहयोग रकम सम्बन्धीत उपभोक्ता समिति,

अनुगमन समिति, वडा समितिको र सार्वजानिक परीक्षणको निर्णय तथा सिफारिस आधारमा प्राविधिक मूल्याङ्कन विनानै भुक्तानी दिने निर्णय गरियो ।

**९. वाल संरक्षण समिति गठन गर्ने सम्बन्धमा ।**

धरान उपमहानगरपालिकालाई वालमैत्री नगर बनाउने अभियान संचालन भई रहेको र वालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०५८ मा व्यवस्था भएका वालमैत्रीका सूचकहरु मध्ये नगर वाल संरक्षण समिति गठन गर्नु पर्ने व्यवस्था भएको साथै यस अधि गठनभएको वाल संरक्षण समिति निस्कृय रहेकाले तपशिल अनुसारको नगर वाल संरक्षण समिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक - उप-प्रमुख
२. सदस्य - शिक्षा महाशाखा प्रमुख
३. सदस्य - स्वास्थ्य शाखा प्रमुख
४. सदस्य - वाल अधिकारको क्षेत्रमा कार्यरत गैर सरकारी संघ संस्थाको प्रतिनीधि
    क. मेहर मान हयुज - हयुज फेमिली
    ख. मानवता बचाऊ नेपाल - प्रतिनिधी
५. सदस्य - समाजिक विकास महाशाखा
६. सदस्य - नगर वाल संजालबाट एकजना वालक र एकजना वालिका
७. सदस्य - आदिवासी जनजाती, अल्पसंख्यक आदिबाट — जमुना त्रिखत्री मोक्तान, वडा सदस्य धरान- १८ र डा. खालिद हुसैन, धरान-१२
८. सदस्य- इलाका प्रहरी कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधी
९. सदस्य - वालमैत्री स्थानीय शासन नगर समितिको प्रतिनिधि
१०. सदस्य - सहरी पूर्वाधार विकास महाशाखा प्रमुख वा प्रतिनिधी
११. सदस्य - रोजगार प्रवर्द्धन शाखा प्रमुख
१२. सदस्य सचिव- वालमैत्री सम्पर्क व्यक्ति ( निर्मला वस्नेत )

**१०. पोखरा महानगरपालिका र धुलिखेल नगरपालिकासँग भगिनी सम्बन्ध स्थापना गर्ने सम्बन्धमा ।**

पोखरा महानगरपालिका र धरान उपमहानगरपालिकाको विच २०५७ पौष २१ गते भएको सांस्कृतिक भगिनी सम्बन्धलाई नविकरण गर्ने र धुलिखेल नगरपालिकासँग पनि भगिनी सम्बन्ध स्थापना गर्ने प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**११. औद्योगिक ग्राम स्थापना गर्ने सम्बन्धमा :-**

धरान उपमहानगरपालिका क्षेत्रमा औद्योगिक ग्राम स्थापना गर्ने प्रयोजनकालागि हाल धरान-६ सेराह खोलाको पूल पूर्व, पानवारी मार्गको दक्षिण पट्टिको खोला उकास र नेपाल सरकारको नाममा रहेको अन्दाजी २०-०-० ( विस विगाह) जग्गा उपयोग गर्ने निर्णय गरियो ।

आजको वैठक ६ बजे समाप्त भयो ।

मिति२०७६/२/२० को आर्थिक विकास निर्णय नं. ६ बमोजिम सम्बन्धित

उद्योग पर्वद्धन सममितिद्धारा तयार पारिएको **धरान उपमहानगरपालिका"उद्योग प्रवर्द्धन समिति"** कार्यविधि २०७६ को नमुना **प्रस्तावना**

धरान उपमहानगरपालिकाले धरान क्षेत्र भित्र रहेका **उद्योग**हरुको पहिचान गरि उक्त **उद्योग**हरुलाई पूर्ण क्षमतामा संचालन गर्न के कस्ता कदमहरु चाल्न उपयुक्त हुन्छ सो को लागि सुझाव दिने, यस क्षेत्रमा कस्ता **उद्योग**हरुको स्थापनाको खाँचो छ सो को पहिचान गर्ने, उपयुक्तताको आधारमा नीजि क्षेत्रसँगको सहकार्यमा **उद्योग**हरुको स्थापना गर्न सूझाव दिने, उद्योग र व्यापार बिचमा समन्वय गर्न आवश्यक सल्लाह दिने, औधोगीक क्षेत्रको प्रयाप्तता आदिको बारेमा अध्ययन गरि थप क्षेत्र आवश्यक भएमा सो को लागि सुझाव दिने, उद्योगहरुलाई आवश्यक दक्ष जनशक्ति तयारी गर्न आवश्यक तालिमहरुको पहिचान तथा संचालन गर्ने लगायतका कार्यवाट रोजगारीको ब्यापक श्रृजना गर्ने । साथै यस क्षेत्रमा हाल कायम उद्योगहरुको पूर्ण क्षमतामा संचालन र नयाँ उद्योगहरुको स्थापनाले नगरको आर्थिक समृद्धिमा टेवा पुग्ने मात्र नभई, राजश्वमा वृद्धि, आयात प्रतिस्थापन, निर्यात प्रवर्द्धनमा समेत टेवा पुग्ने र बैदेशिक रोजगारीको परनिर्भरतामा केहि हदसम्म कमि आई सामाजिक विसंगतिको समेत न्यूनीकरण हुने विश्वासका साथ यो **कार्यविधि** धरान उपमहानगरपालिकाको कार्यपालिका बैठकवाट पारित गरि लागू गरिएको छ ।

(१) यो समितिको नाम "उद्योग प्रवर्द्धन समिति" रहेको छ ।

(२) यस समितिमा सबै सदस्यहरु धरान उपमहानगरपालिकाको कार्यपालिका बैठकबाट मनोनित हुने छन् ।

तर यो नियमावली लागू हुदांका वखत कायम सदस्यहरु यसै नियमावली वमोजिम नियुक्त भएको मानिनेछ ।

(३) समितिको बैठकको अध्यक्षता संयोजकले वा संयोजकको अनुपस्थितीमा संयोजकले तोकेको सदस्यले गर्ने छन् ।

(४) **समितिको कार्य क्षेत्र निम्नुसारको रहने छ :-** धरान उपमहानगरपालिकाको सम्पूर्ण भौगोलिक क्षेत्र । साथै धरान उपमहानगरपालिकाको अनुमतिले उपमहानगरपालिकाको क्षेत्र बाहिर गई अन्य महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाँउ पालिकामा समेतमा उक्त स्थानिय निकाय समेतको सहकार्यमा समितिको प्रतिनिधित्व गर्न वा कार्य गर्न वाधा आउने छैन् ।

(५) **उद्धेश्य** : समिति निम्न उद्धेश्यका साथ कार्य गर्ने छ ।

(क) उपमहानगरपालिका क्षेत्र भित्रका उद्योगहरुका संभावना, समस्या तथा चूनौतिहरुको पहिचान गर्ने ।

(ख) वाहृय लगानिको संभावना पहिचान गर्ने ।

(ग) उद्योग प्रवर्द्धन र सहजिकरणको लागि प्रयास गर्ने ।

(घ) उद्यमिशिलता विकासमा प्रोत्साहन तथा सहजिकरण गर्ने ।

(ङ) समस्या समाधानका लागि उपमहानगरपालिकामा समन्वय गर्ने तथा गराउने ।

(च) पि.पि.पि. मोडलको संभाव्यता पहिचान गर्ने ।

(छ) उपमहानगरपालिकामा संभाव्य ठूला आयोजनाको प्रारम्भिक अध्यन प्रतिवेदन तयार पारी Project Bank स्थापना गर्ने ।

(ज) उपलब्ध रोजगार तथा रोजगारदाता जनशक्ति सम्बन्धि अध्ययन गर्ने र आवश्यक दक्ष जनशक्ति तयार गर्न उचित तालिमको पहिचान गरि शिफारिस गर्ने ।

(झ) उद्योग प्रवर्द्धन तथा ब्यवस्थापन कार्यको लागि यथोचित स्थानको खोजि गर्ने, सो को पहिचान र सम्भाब्यता सहित सिफारिश गर्ने ।

(ञ) कृषि उत्पादकत्व वृद्धि गरि व्यवसायिकरण र बजारी करण गर्न आवश्यक राय सल्लाह प्रदान गर्ने ।

(ट) महिला तथा तोकिएको लक्षित समुदायमा उद्यमशिलताको विकास गर्न गर्नुपर्ने कार्यको पहिचान गरि शिफारिस गर्ने ।

(६) **कार्य गर्ने क्षेत्र :**

(क) घरेलु कथा कुटीर उद्योग ।

(ख) सानो तथा मझौला उद्योग ।

(ग) कृषि उत्पादन, उत्पादकत्व र बजारीकरण ।

(घ) औद्योगिक क्षेत्रको विकास ।

(ङ) कृषि बजार ।

(च) आधारभूत संरचनाको निर्माण ।

(छ) सेवा तथा पर्यटन उद्योग ।

(ज) अनुसन्धान र प्रशिक्षण ।

निर्णय नं ६ सर्ग सम्बन्धीत

माथिका कार्य गर्न देहाय वमोजिमका थप कार्य गर्न सक्ने :

(क) उद्यमिहरुलाई आवश्यकता बमोजिम निशूल्क सल्लाह तथा सुझाव दिने ।

(ख) उद्योग तथा व्यवसाय सञ्चालनमा आउने स्थानियस्तरका समस्या समाधान गर्न पहल गर्ने ।

(ग) उद्योग प्रवर्द्धनको लागि वार्षिक वजेटको तर्जुमा गर्ने र स्विकृतिको लागि उपमहानगरपालिकामा पेशगर्ने ।

(घ) उपमहानगरपालिकाको वार्षिक बजेटमा उद्योगसँग सम्बन्धित राजश्वको निर्धारणमा सुझाव पेश गर्ने ।

(ङ) हाल विभिन्न क्षेत्रसँग सम्बन्धित उद्योगिहरुले भोग्नु परेका समस्याहरुको पहिचान गरि सो को दिर्घकालिन समाधानको लागि सुझाव दिने ।

(च) कृषि बजार तथा औद्योगिक क्षेत्रको विकास र विस्तारको लागि सल्लाह सुझाज दिने ।

(छ) विभिन्न प्रकारका प्रशिक्षण तथा व्यवसायिक जानकारी मुलक कार्यक्रम संचालन गर्ने ।

(ज) महिला उद्यमि तथा लक्षित वर्गमा उद्यमिशिलताको विकास सम्बन्धि कार्यक्रम पहिचान गरि संचालन गर्ने ।

(झ) ठूला आयोजनको छनौट र प्रारम्भिक अध्यन प्रतिवेदन तयार गरी एउटा Project Bank स्थापना गर्ने ।

(ञ) स्थानिय उत्पादनको बजाकिरणमा सहयोग गर्न आवश्यका सल्लाह प्रदान गर्ने ।

(ट) धरान नगरक्षेत्र भित्र सञ्चालित सबै प्रकारका उद्योग तथा व्यवसायहरुको प्रवर्द्धनका लागि आवश्यक निति नियम तथा निर्देशिका निर्माण तथ बार्षिक नगर कार्ययोजना बजेट निर्माण कार्यमा नगरपालिकालाई सहयोग पुर्याउने ।

(ठ) लघु, घरेलु तथा साना उद्योगको प्रविधि सेवा, क्षमता विकास, बजार पहुँच तथा अन्य पूर्वाधारहरुमा संस्थागत टेवा पुग्ने र प्रतिस्पर्धात्मक क्षमत अभिवृद्धि हुने कार्यक्रममा सहयोग पुऱ्याउने ।

(७) **बित्तिय श्रोत :** कार्यक्रमको स्वरुप हेरि वित्तिय आवश्कता परिपूर्तिको निमित्त, उपमहानगरपालिकालाई अनुरोध गर्ने र स्विकृत बजेट भित्र रहि कार्यक्रम संचालन गर्ने ।

(क) धरान उपमहानगरपालिकाले यस समितिसँग संबन्धित कार्यको लागि विनियोजित रकम र अन्य श्रोतबाट समय समयमा समितिलाई उपलब्ध हुने रकमहरुबाट कार्यकमहरु संचालन गर्ने ।

(ख) एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी बचेको रकम अर्को आर्थिक बर्षमा उपमहानगरपालिकाको नियम बमोजिम कार्यकम बनाई खर्च गर्ने ।

(ग) स्विकृत प्रस्तावित खर्चद्धारा सञ्चालित कार्यकमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

(घ) कोषबाट खर्च भएको रकमको हिसाब किताब उपमहानगरपालिकाबाट स्वीकृत लेखा प्रणाली बमोजिम राख्ने ।

(ङ) लघु, घरेलु तथा साना उद्योगको लगायत अन्य व्यवसायको र सो सम्बन्धि संघको विकासमा सहयोग पुऱ्याउनेल तथा संस्थाहरुलाई आवश्यव वित्तिय श्रोत जुटाउन सल्लाह सुझाव प्रदान गर्ने ।

(च) लघु, घरेलु तथा साना उद्योगको विकास र त्यससँग सम्बन्धित अन्य कार्यहरुको पहिचान गरि सुझाव पेश गर्ने ।

(८) **निर्णय :** समितिको निर्णय सर्वसम्मत्‌बाट गरिने छ । तर कुनै सदस्यको निर्णयमा विमति रहेमा नीजको राय सहित सुझाव पेश गर्ने ।

(९) **पदावधि :** समितिका सबै सदस्यहरुको पदावधि उपमहानगरपालिका कार्यालयले इच्छाए अनुसार हुनेछ । सोहि अनुसार समितिमा थपघट र विघटन गर्न सकिने छ ।

(१०) **लागु हुने मिति :** यो कार्यविधी धरान उपमहानगर कार्यपालिका बैठले पारित गरेको मिति देखि लागु हुने छ ।

निर्णय प्रमाणित
[signature]
२०७६।७।२०